निर्णयहरु :

१.मिति २०७९ साल श्रावण २२ गते बसेको जि.स.स.वोर्ड बैठकको निर्णय नं.५ अनुसार सिमित स्रोत साधन व्यवस्था भएको यस जि.स.स.को कार्यालयमा थप बजेट तथा कार्यक्रमको व्यवस्था गर्न जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारीज्युको नेतृत्वमा समितिका ९ जना सदस्य प्रधानमन्त्री तथा मन्त्रि परिषदको कार्यालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सम्वन्धीत निकायमा ध्यानाकर्षण गराउन एक टोली जाने भनिएकोमा विद्यमान सिमित स्रोत साधन सहितको आर्थिक अवस्था तथा मितव्ययिता लाई मध्यनजर राख्दै जि.स.स.प्रमुख श्री गगन सिंह भण्डारी,उप प्रमुख श्री अमृता कुमारी डडालीमगर, जि.स.स.सदस्य श्री सुनिता विश्वकर्मा र लीला कुमारी धामी यस अघि निर्धारित उद्वेश्यको प्रयोजनका लागि सम्वन्धित निकायमा पुगी आउनु भएको प्रतिवेदनका विषयमा छलफल गरियो । उक्त सम्वन्धमा प्राप्त प्रतिवेदनको आधारमा भुक्तानी उपलव्ध गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२.यस जि.स.स.को कार्यालयमा कार्यालयका लागि श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको समन्वय मार्फत नेपाल पुनर्निर्माण प्राधिकरणको सवारी साधन बा२भ्फ ३१६२ नम्बर गाडी यस अघि प्राप्त भएकोमा उक्त सवारी साधन यस जिल्ला स्थित ७ वटै स्थानीय तहमा रहेको कच्ची सडक बाटोमा संचालन गर्न कठिनाई भैरहेको र पक्की सडकमा मात्रै संचालन गर्न सकिने अवस्था देखिएको छ । यस जिल्ला स्थित अधिकांस कच्ची बाटो भएको स्थानमा योजना अनुगमन लगाएत समन्वयका कार्य गर्न स्थलगत रुपमा पुग्न सक्ने scorpio वा त्यस्तै प्रकृतिको संचालन योग्य एक सवारी साधन यस जि.स.स.को कार्यालयलाई उपलब्ध गराई दिन श्री प्रधानमन्त्रि तथा मन्त्री परिषदको कार्यालयलाई अनुरोध गर्ने साथै यस जिल्ला स्थित विभिन्न क्षेत्रका समस्याहरु एवं योजनाहरु संचालन गर्ने सम्वन्धमा अनुरोध गर्न जि.स.स.सदस्य श्री संजय जैरु (दमाई)को नेतृत्वमा जि.स.स.सदस्य श्री प्रकाश दत्त भट्ट,गणेश सिंह धामी र टेक वहादुर धानुक सहितको ४ सदस्य टोली सम्वन्धित निकायमा ध्यानाकर्षणका लागि काठमाण्डौ जाने र सो सम्वन्धमा दै.भ्र.भ.स्विकृत गर्ने निर्णय गरियो ।

३.यस जि.स.स.कार्यालयको विद्यमान सिमित स्रोत साधनको अवस्थालाई मध्यनजर राखी सुदुरपश्चिम प्रदेश स्थित सामाजिक विकास मन्त्रालयमा यस जि.स.स.को तर्फबाट केही स्रोत साधन व्यवस्थाका लागी पत्राचार गरिएको थियो । उक्त सम्वन्धमा सम्वन्धित निकाय एवं पदाधिकारीहरु संग समन्वय एवं सहजिकरण गरि थप स्रोत साधनको वयवस्था मिलाउन यस जि.स.स.का सदस्य श्री वशन्ती देवि भुलका लागी दै.भ्र.भ.स्विकृत गरि धनगढी पठाउने निर्णय गरियो । साथै पदाधिकारीहरुका लागि सहयोग एवं समन्वय गर्न जि.स.स.कार्यालयका कर्मचारीहरुलाई समेत खटाउने निर्णय गरियो ।

४.यस जि.स.स.तथा जि.स.स.को कार्यालय विगत वर्ष देखि कार्यालयकै पुरानो तथा ज्यादै जीर्ण भवनहरुमा वस्दै आएकोमा हाल कार्यालयकै हातामा रहेको अर्को भवनमा भाडामा वस्दै अएको RVWRMP संस्थाको कार्यक्रम समाप्त भै संस्था हटेकाले उक्त भवनमा जि.स.स.तथा जि.स.स.कार्यालयका सरसामान व्यवस्थापन गर्न, तथा झाडी बुट्यान हटाउन, कार्यालय एवं कार्यालयको परिसरमा सरसफाई गर्न दैनिक ज्याला दारिमा कामदार लगाई उक्त कार्य गराउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५.यस जि.स.स.कार्यालय परिसर भित्र करिव २०० जना सम्मको क्षमता भएको जिल्ला सभाहल शहरी विकास तथा भवन डिभिजन कार्यालय,डोटी (प्रदेश स्तर) को स्रोत साधन एवं प्रत्यक्ष प्राविधिक सुपरिवेक्षणमा निर्माण कार्य भैरहेको सन्दर्भमा उक्त कार्यमा आवश्यक निगरानी,समन्वय एवं सहजिकरणका लागि यस जि.स.स.को तर्फवाट जि.स.स.सदस्य श्री संन्जय जैरुज्युको संयोजकत्वमा गठित ४ सदस्य समितिले उक्त निर्माणाधिन सभाहलको अवलोकन गरि पेश गर्नु भएको प्रतिवेदन माथि छलफल गरियो । उक्त सन्दर्भमा सभाहल निर्माणको गुणस्तरियता एवं दिगोपना दिन र कार्यालय परिसरमा उपयुक्त व्यवस्थापन गर्न कार्यदललाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।